अनुसुची - १६

(दफा ३३ को उप- दफा (२) सँग सम्बन्धित)

अल्की सामुदायिक वन उपभोक्ता समूह

देवदह नगरपालिका-१०, रूपन्देही

# गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/२५

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. २०८०/०८१ मा कटान भई घाटगद्दीमा राखेको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय रूपन्देहीको च.नं. २४८६ मिति २०८२/०१/२१ गतेको सहमती अनुसार लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावरको विवरणः-

तपसिल

| वन पैदावारको | | | | | | | न्यूनतम मुल्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. | घाङ | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | प्रति इकाई दर | जम्मा मुल्य | संकलन खर्च | |
| १ | १,२,३,४ र ११ | साल | गोलिया | A | ८ | ८१.०४ | १२५० | १०१३०० | ११३४५.६ | |
| | | | | B | १८ | १३८.७४ | ९०० | १२४८६६ | १९४२३.६ | |
| | | | | C | २८२ | ९३९.१६ | ६०० | ५६३४९६ | १३१४८२.४ | |
| | | | | D | १५४ | २९६.१० | ३०० | ८८८३० | ४१४५४ | |
| जम्मा | | | | | ४६२ | १४५५.०४ | | ८७८४९२.० | २०३७०५.६० | |
| २ | ७,८,९ र १४ | असना | गोलिया | A | ५८ | १५८४.१७ | ४०० | ६३३६६८ | २२१७८३.८ | |
| | | | | B | ४० | ५४५.१३ | ३०० | १७९८९२.९ | ७६३१८.२ | |
| | | | | C | ४१ | १३१.९ | १०० | १३१९० | १८४६६ | |
| | | | | | १३९ | २२६१.२ | | ८२६७५०.९ | ३१६५६८ | |
| ३ | ५ | कर्मा | गोलिया | A | २ | ६२.३८ | ४०० | २४९५२ | ८७३३.२ | |
| | | | | B | ११ | २१४.५८ | ३३० | ७०८११.४ | ३००४१.२ | |
| | | | | C | १४ | ५३.२६ | १०० | ५३२६ | ७४५६.४ | |
| जम्मा | | | | | २७ | ३३०.२२ | | १०१०८९.४ | ४६२३०.८ | |
| ४ | ६ | अन्य (कुम्भि, क्यामुना, जिंगड, पियारी, बाँझी, बोटधगेँरो, भलायो) | गोलिया | | ४३ | २३३.३ | १०० | २३३३० | ३२६६२ | |

राज कुमार थापा
अध्यक्ष

१. बोलपत्र दाखिला मिति गर्नुपर्ने अन्तिम र समय

क) अन्तिम मिति २०८२/३/१५ ख) समयः दिनको १२:०० बजेसम्म

२. संकलन खर्च बापतको रकम सकार कर्ता स्वयंले व्यहोर्नु पर्ने छ ।

३. खरिद गरिएको बोलपत्र सिलबन्दी गरी आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनउपभोक्ता समूहको कुमारी बैङ्क चरेङ्गे शाखामा रहेको खाता नं. २१४०२९३९५९५०००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समावेश गरी पेश गर्नु पर्नेछ।

४. बोलपत्र फाराम रु. १०००।— (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय रूपन्देहीबाट खरीद गर्न सकिनेछ । बोलपत्र फाराम जुन निकायबाट खरिद गरिएको हो सोही निकायमा नै दर्ता गर्नु पर्ने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावर कार्यालय खुलेको समय भित्र यस सामुदायिक वनमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

६. लिलाममा भाग लिने इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्ने छ।

७. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम दिन र दाखिला गर्नु पर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समयमा बिक्री तथा दर्ता कार्य हुनेछ ।

८. निर्धारित न्यूनतम संख्याका र रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०२/१५ गते दिनको २:०० बजे (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समयमा) बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित वा अनुपस्थितमा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस सामुदायिक वनको भवनमा खोलिने छ तर वोलपत्र खोल्नु पूर्व बिक्रीको लागी पठाइएको बोलपत्र बिक्री भए नभएको एकिन गरिने छ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, निर्धारित मूल्य अभिवृद्धि कर तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ।

राज कुमार थापा
अध्यक्ष